apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २६८ ● पृष्ठ: ४ ● २७ असोज २०८३ मंगलबार (13 October 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# सिरहामा राति १० बजेपछि मेला-महोत्सव सञ्चालनमा रोक, प्रशासनको अनुमति अनिवार्य

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २६ गते**

जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाभित्र आयोजना हुने मेला, महोत्सव, जात्रा तथा चाडपर्वका कार्यक्रम राति १० बजेपछि सञ्चालन नगर्न आग्रह गरेको छ। प्रशासनले शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्न र धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल पर्न नदिन आयोजकलाई सचेत गराएको हो।




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
☎ ०३३-५२०१२१
Email : daosiraha@gmail.com
www.daosiraha.moha.gov.np
पत्र संख्या: २०८३/८४
चलानी नं.:

सूचना ! सूचना !! सूचना !!!

जिल्ला तथा स्थानीयस्तरमा धर्म, संस्कृति, परम्परा, कला, उद्योग, व्यापार, कृषि तथा पर्यटनको संरक्षण, प्रवर्द्धन र विकास गर्ने उद्देश्यले विभिन्न सङ्घसंस्था, क्लब, समिति तथा निकायहरूद्वारा मेला, महोत्सव, जात्रा तथा चाडपर्वसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

यस्ता कार्यक्रम सञ्चालन गर्दा शान्ति-सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने, धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल पर्न नदिने, मानव अधिकारको सम्मान गर्ने तथा स्थानीय कला, संस्कृति र आर्थिक गतिविधिको प्रवर्द्धन हुने व्यवस्था मिलाउन सम्बन्धित सबैको ध्यानाकर्षण गराइन्छ।

मेला, महोत्सव, जात्रा तथा चाडपर्वका अवसरमा आयोजना गरिने सांस्कृतिक, मनोरञ्जनात्मक, नाचगानलगायतका कार्यक्रमहरू राति १०:०० बजेपछि सञ्चालन नगर्नु/नगराउनु हुन तथा ठूलो आवाजमा डिजे (DJ), साउण्ड सिस्टम र बाजागाजा नबजाई प्रचलित कानुन तथा निर्धारित मापदण्डअनुसार ध्वनि कायम राख्नु हुन अनुरोध गरिन्छ। साथै, सडक तथा सार्वजनिक आवागमनमा अवरोध हुन नदिने, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने, आवश्यक सुरक्षा प्रबन्ध मिलाउने, स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्री-वितरणलाई प्राथमिकता दिने र कानुनले निषेध गरेका गतिविधि हुन नदिने व्यवस्था गर्नुपर्नेछ।

अतः जिल्लाभित्र यस्ता मेला महोत्सव कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहको अनुमतिमा जिल्ला प्रशासन कार्यालयबाट शान्ति सुरक्षाको सिफारिसमा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरेर मात्र कार्यक्रम सञ्चालन गर्नु/गराउनु हुन तथा अनुमतिपत्रमा उल्लिखित सर्तहरूको पूर्ण पालना गर्नु/गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

मिति: २०८३/०६/२६

चेतराज बराल
सहायक प्रमुख जिल्ला अधिकारी



सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी सूचनामार्फत मेला-महोत्सवका अवसरमा हुने सांस्कृतिक, मनोरञ्जनात्मक, नाचगानलगायतका कार्यक्रम राति १० बजेपछि सञ्चालन नगर्न तथा नगराउन अनुरोध गरिएको छ।

सूचनामा ठूलो आवाजमा डिजे (DJ), साउण्ड सिस्टम तथा बाजागाजा नबजाउन र प्रचलित कानुन तथा निर्धारित मापदण्डअनुसार ध्वनि कायम राख्न पनि भनिएको छ।

त्यसैगरी, कार्यक्रम सञ्चालन गर्दा सडक तथा सार्वजनिक आवागमनमा अवरोध हुन नदिने, सरसफाइ र फोहोरमैला व्यवस्थापन गर्न् आवश्यक सुरक्षा प्रबन्ध मिलाउने तथा कानुनले निषेध गरेका गतिविधि हुन नदिने व्यवस्था गर्न प्रशासनले निर्देशन दिएको छ। स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्री-वितरणलाई प्राथमिकता दिनसमेत आग्रह गरिएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार जिल्लाभित्र मेला, महोत्सव तथा यस्ता कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्नेछ। त्यसपछि जिल्ला प्रशासन कार्यालयबाट शान्ति सुरक्षासम्बन्धी सिफारिस लिई सम्बन्धित सुरक्षा निकायसँग समन्वय

बाँकी पृष्ठ ३ ▸▸

आज बडादशैंको तेस्रो दिन

# चन्द्रघण्टा भगवतीको पूजा आराधना गरी मनाइँदै

**अपन दैनिक संवाददाता**

**सिरहा।** नेपालीहरुको महान चाड बडा दशैंको तेस्रो दिन आज विभिन्न शक्तिपीठहरुमा माता भगवती दुर्गाको एक रुप चन्द्रघण्टाको पूजा आराधना गरिँदैछ। चन्द्रघण्टाको आराधना गर्नाले सबै प्रकारको दुःख, कष्ट नास हुने र सबै प्रकारको बाधा हट्ने धार्मिक तथा शास्त्रीय मान्यता रहेको छ।



चन्द्रघण्टाको आराधनाले साधकमा वीरता, निर्भयता, सौम्यता तथा विनम्रताको विकास हुने धार्मिक विश्वास छ। दशैंको पहिलो दिन घटस्थापना गरेसँगै नवदूर्गाका नौ वटा रूपहरूको पूजा गर्ने परम्परा छ।

आजपनि देशभरीका नवदुर्गाका मन्दिर र शक्तिपीठहरुमा नित्य पूजा मात्रै गरिँदै छ। सिरहाको माडर, सदरमुकाम सिरहा, भलुवाही, नरहैया, हरिनगरा, कल्याणपुर, गोलबजार, मिर्चैया, लहान, सुखिपुर लगायतका स्थानहरुमा रहेको शक्तिपीठहरुमा पूजा हुन्छ।

# लोक कलाकार मधुरी दासको सम्झना

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २६ गते**

लोक कलाकार मधुरी दासको सिरहामा सम्झाना गरिएको छ। लोक कलाकार दासको निधन भएको १३औं दिनको पुण्यतिथिको अवसरमा आयोजित श्रद्धाजली कार्यक्रममा सहभागिहरुले योगदानको चर्चा गरेका छन्।

चन्द्र माध्यमिक विद्यालयमा आयोजित श्रद्धाञ्जलीमा सहभागी विभिन्न क्षेत्रका व्यक्तिहरुले लोक कलाकार दासले सिरहासँगै नेपालका विभिन्न जिल्लाका गाउँदेखि बजारसम्म र छिमेकी देश भारतका विभिन्न गाउँमा पुगेर आफ्नो लोक कलामा आधारित नृत्य, गायन

बाँकी पृष्ठ २ ▸▸

# खैरो हेरोइनजस्तो पदार्थसहित दुई युवक पक्राउ, ३५ बन्डल पटका बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २६ गते**

सिरहामा प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई युवकलाई पक्राउ गरेको छ भने भारतबाट ल्याइएको प्रतिबन्धित पटका ३५ बन्डल बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार साँझ करिब ५:३० बजे गोलबजार नगरपालिका-१ स्थित बैरीबाणमा प्रहरी चौकी मुक्सार र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त टोलीले चेकजाँचका क्रममा दुई युवकलाई पक्राउ गरेको हो।

बैरीबाणबाट कसाहातर्फ जाँदै गरेको स ६ प ७३३७ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्दा चालक धनगढीमाई

बाँकी पृष्ठ ३ ▸▸

# जनकपुर बोल्ट्सको नयाँ जर्सी सार्वजनिक

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २६ गते**

नेपाल प्रिमियर लिग (एनपीएल) मा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने जनकपुर बोल्ट्सले सिजन-३ का लागि आफ्नो नयाँ आधिकारिक जर्सी सार्वजनिक गरेको छ।



टाइटल पार्टनरहरुको ब्रान्डिङसहित सार्वजनिक गरिएको जर्सीलाई टोलीले यस सिजनको 'रिडेम्प्सन' अभियानसँग जोडेको छ। टोलीको परिचित म्याजेन्टा र नेभी नीलो रङलाई कायम राख्दै यसपटक जर्सीमा सुनौलो रङसमेत थपिएको छ। म्याजेन्टा र नेभी नीलोले जनकपुर बोल्ट्सको पहिचान र शक्तिलाई प्रतिनिधित्व गर्छन् भने सुनौलो रङलाई पुनरागमन र नयाँ लक्ष्यको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। जर्सीको माथिल्लो भागमा परम्परागत बुट्टाको डिजाइन समावेश गरिएको छ भने तल्लो भागमा कमलको मण्डल अंकित छ। त्यस्तै, ट्राउजरमा पनि म्याजेन्टा र सुनौलो रङको संयोजन गरिएको छ। गत सिजनको नतिजाबाट पाठ सिक्दै जनकपुर बोल्ट्सले सिजन ३ लाई 'रिडेम्प्सन' अर्थात् पुनरागमनको सिजनका रूपमा अघि बढाउने

बाँकी पृष्ठ ४ ▸▸












प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## एम्बुलेन्स नियमित उपयोगमा आओस्

एम्बुलेन्स स्वास्थ्य सेवाको अत्यन्तै महत्वपूर्ण र संवेदनशील सवारीसाधन हो। दुर्घटना, आकस्मिक बिरामी, सुत्केरी तथा अन्य स्वास्थ्य समस्याका कारण जीवनमरणको दोसाँधमा पुगेका नागरिकलाई समयमै अस्पताल पुर्‍याएर जीवन रक्षा गर्नु यसको प्रमुख उद्देश्य हो । विशेषगरी ग्रामीण क्षेत्रका नागरिकका लागि एम्बुलेन्स स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने भरपर्दो माध्यम हो । तर, सिरहा जिल्लामा एम्बुलेन्सको प्रयोग, व्यवस्थापन र मर्मतसम्भारको अवस्थालाई हेर्दा यसको वास्तविक उद्देश्यप्रति सम्बन्धित निकाय कति जिम्मेवार छन् भन्ने गम्भीर प्रश्न उठेको छ। सिरहा जिल्लामा एम्बुलेन्सको प्रयोग लागुऔषधको अवैध ओसारपसारमा समेत हुने गरेको विषय चिन्ताजनक छ । बिरामीको जीवन बचाउन प्रयोग गरिनुपर्ने साधनलाई गैरकानुनी गतिविधिमा प्रयोग गरिनु स्वास्थ्य सेवामाथिको बेइमानी मात्र होइन, कानुनी शासन र सामाजिक सुरक्षामाथिको चुनौती पनि हो । एम्बुलेन्सजस्तो संवेदनशील सवारीसाधनको दुरुपयोग रोक्न प्रहरी प्रशासनले प्रभावकारी निगरानी गर्नुपर्छ। एम्बुलेन्सको आवरणमा हुने गैरकानुनी गतिविधिको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आवश्यक छ। तर, केही व्यक्तिको गलत कार्यका कारण समग्र एम्बुलेन्स सेवा र त्यसमा संलग्न सबैलाई एउटै दृष्टिले हेर्ने अवस्था पनि सिर्जना हुनु हुँदैन् ।

सिरहा जिल्लमा एम्बुलेन्सको नियमित मर्मतसम्भार नहुँदा सञ्चालनमा आउन नसक्ने अवस्था झन् गम्भीर समस्या बनेको छ । प्रादेशिक अस्पताल सिरहाको सरकारी एम्बुलेन्स पुरानो र जीर्ण अवस्थामा पुगेको छ। पटकपटक बिग्रिने समस्याले यसको भरपर्दो सेवामाथि प्रश्न उठाएको छ। त्यस्तै, औरही गाउँपालिकाको एम्बुलेन्स पनि लामो समयदेखि बिग्रिएर थन्किएको छ। जिल्लाका १७ वटै स्थानीय तहमध्ये कतिपयले एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याउने प्रयास गरे पनि नियमित मर्मतसम्भार, प्राविधिक हेरचाह र व्यवस्थापकीय कमजोरीका कारण कतिपय एम्बुलेन्स प्रभावकारी रूपमा प्रयोग हुन सकेका छैनन् । एम्बुलेन्स खरिद गर्नु मात्रै जनताप्रतिको दायित्व पूरा गर्नु होइन । खरिद गरिएका सवारीसाधनलाई नियमित सञ्चालनमा राख्नु, आवश्यक इन्धनको व्यवस्था गर्नु, चालकको उपलब्धता सुनिश्चित गर्नु र समयमै मर्मतसम्भार गर्नु पनि उत्तिकै महत्वपूर्ण जिम्मेवारी हुन् । सार्वजनिक बजेट खर्च गरेर खरिद गरिएका एम्बुलेन्स लामो समयसम्म थन्किएर बस्नु भनेको सार्वजनिक स्रोतको सदुपयोग नहुनु हो । अझ, आकस्मिक अवस्थामा एम्बुलेन्स नपाउँदा बिरामीले समयमै उपचार नपाउने र त्यसबाट मानवीय क्षति हुन सक्ने जोखिम रहन्छ। त्यसैले यस्तो अवस्थालाई सामान्य प्रशासनिक कमजोरीका रूपमा मात्र लिन मिल्दैन् ।

स्थानीय तहहरूबीच विकास निर्माण र भौतिक साधन खरिदमा प्रतिस्पर्धा हुनु स्वाभाविक हो । तर, देखावटी प्रतिस्पर्धाका आधारमा एम्बुलेन्स खरिद गर्ने र त्यसपछि सञ्चालन तथा मर्मतसम्भारमा बेवास्ता गर्ने प्रवृत्ति स्वीकार्य हुन सक्दैन् । जनताको आवश्यकता पूरा गर्नभन्दा उपलब्धि देखाउनका लागि मात्र साधन खरिद गरिन्छ भने त्यसको औचित्य रहँदैन्। एम्बुलेन्स खरिद गर्नुअघि त्यसको दीर्घकालीन सञ्चालन खर्च, मर्मतसम्भारको बजेट, चालकको व्यवस्था र सेवाग्राहीको पहुँचजस्ता विषयमा स्पष्ट योजना बनाउनु आवश्यक छ। यसका लागि प्रादेशिक अस्पताल, स्थानीय तह, स्वास्थ्य संस्था तथा एम्बुलेन्स सञ्चालन गर्ने संस्थाले आ-आफ्नो जिम्मेवारी स्पष्ट रूपमा निर्वाह गर्नुपर्छ । प्रत्येक एम्बुलेन्सको अवस्था नियमित रूपमा जाँच गर्ने, बिग्रिएका सवारीसाधन तत्काल मर्मत गर्ने र सञ्चालनमा आउन नसक्ने एम्बुलेन्सको हकमा आवश्यक प्राविधिक तथा आर्थिक निर्णय शीघ्र लिनुपर्छ । एम्बुलेन्स सेवा पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउन सञ्चालन खर्च तथा मर्मतसम्भारमा भएको खर्चको नियमित लेखापरीक्षण पनि आवश्यक छ। सेवा शुल्क निर्धारण गर्दा सर्वसाधारणको आर्थिक अवस्थालाई ध्यान दिनुपर्छ। विपन्न, असहाय तथा आकस्मिक उपचार आवश्यक भएका नागरिकले आर्थिक अभावकै कारण एम्बुलेन्स सेवा पाउनबाट वञ्चित हुनुपर्ने अवस्था आउन दिनु हुँदैन् । साथै, एम्बुलेन्सको दुरुपयोग रोक्न नियमित अनुगमन, स्पष्ट कार्यविधि र आवश्यक कारबाहीको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। त्यसैले एम्बुलेन्सलाई दुरुपयोगबाट जोगाउँदै नियमित मर्मतसम्भार र प्रभावकारी सञ्चालनमा राख्नु सबै सरोकारवाला निकायको साझा दायित्व हो । नागरिकको जीवनभन्दा ठूलो प्राथमिकता अरू हुन सक्दैन्। सिरहामा एम्बुलेन्स सेवा सुधार्न अब सम्बन्धित निकायले गम्भीरता, जवाफदेहिता र इच्छाशक्तिका साथ काम गर्न नितान्त जरुरी छ ।

# माओवादी सशस्त्र द्वन्द्वपीडितको बदलिँदो आवश्यकता




१ फागुन २०५२ देखि सुरु भएको दशक लामो माओवादी सशस्त्र द्वन्द्वमा झन्डै १३ हजार व्यक्ति मारिए र १ हजार ३ सयभन्दा बढी बेपत्ता पारिए । सशस्त्र सङ्घर्षमा राज्य र तत्कालीन विद्रोही नेकपा (माओवादी) दुवै पक्षबाट हत्या, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग, शारीरिक तथा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, सम्पत्ति क्षति, बेपत्तालगायतका मानव अधिकार उल्लङ्घनका गम्भीर घटना भए ।

५ मङ्सिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौताले द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनको बाटो खोल्यो। ती आयोगहरू गठन पनि भए । तर शान्ति सम्झौता सम्पन्न भएको दुई दशक पुग्न लागदासमेत न्यायिक प्रक्रिया निष्कर्षमा पुग्न नसक्दा द्वन्द्वपीडितका आवश्यकता पनि स्थिर रहेनन् । समयसँगै द्वन्द्वपीडितको प्राथमिकता फेरिएको छ, तर त्यसले विगतको सत्य र न्यायको माग समाप्त भने गरेको छैन।

सङ्क्रमणकालीन न्यायसम्बन्धी बहस लामो समयसम्म कानुन, आयोगको गठन, दोषीलाई अभियोजनजस्ता विषयमा बढी केन्द्रित रह्यो । तर भुइँतहका पीडितको जीवनसँग जोडेर हेर्दा न्यायको वास्तविक अर्थ फरक देखिन्छ । एउटै प्रकृतिको घटना भोगेका दुई परिवारको वर्तमान अवस्था समान नहुन सक्छ। उमेर, पारिवारिक संरचना, आर्थिक अवस्था, सामाजिक सम्बन्ध, राज्यसँगको पहुँच र न्याय प्राप्तिका लागि बितेको समयले उनीहरूको प्राथमिकता बदलिदिएको छ।

त्यसैले दुई दशकअघि पीडितलाई आवश्यक परेको कुरा आज पनि उही रूपमा छ भन्ने अनुमानले न्यायको प्रक्रियालाई पीडितको वर्तमान जीवनबाट अलग गरिदिन्छ। यसले नेपालको सङ्क्रमणकालीन न्यायको गम्भीर प्रश्नलाई अगाडि ल्याउँछ - राज्यले पीडितलाई वर्षौंसम्म एउटै परिभाषा र एउटै आवश्यकताभित्र राखेर न्याय दिन सक्दैन ।

यही बदलिँदो यथार्थलाई बुझ्न डेमोक्रेसी रिसोर्स सेन्टर नेपालले ६० जना द्वन्द्वपीडितसँग अध्ययन गरेको थियो । कैलाली, कञ्चनपुर, जाजरकोट, रुकुम पश्चिम, बर्दिया र बाँकेमा गरिएको अध्ययनले पीडितको आवश्यकता बदलिएको देखाउँछ।

द्वन्द्वपीडितको पहिलो आवश्यकता आर्थिक पक्षसँग जोडिएको छ । परिवारको मुख्य आम्दानी गर्ने सदस्य द्वन्द्वमा मारिनु वा बेपत्ता हुनु, अङ्गभङ्ग वा यातनाले थिलथिलो हुँदा परिवारको आर्थिक आधार कमजोर बन्यो। थुप्रै महिलाले श्रीमान्‌को मृत्यु वा बेपत्तापछि परिवारको जिम्मेवारी एक्लै वहन गरे।

दुई दशकपछि समस्या केवल तत्कालीन आय गुमेको विषयमा सीमित छैन । उमेर बढ्दै जाँदा काम गर्ने क्षमता घटेको, सन्तानको शिक्षा र परिवारको स्वास्थ्य खर्च बढेको तथा जीविकोपार्जनका पुराना आधार समाप्त भएको छ । त्यसैले अहिलेको आर्थिक सहायता केवल राहत होइन । यो त दीर्घकालीन आर्थिक व्यवस्थापनसँग जोडिएको छ।

शिक्षा र रोजगारीको आवश्यकता पनि यही परिवर्तनसँग जोडिएको छ । धेरै पीडितले कठिन आर्थिक अवस्थाबीच कष्ट भोगेर आफ्ना सन्तानलाई विद्यालय शिक्षा दिलाए । तर उच्च शिक्षा हासिल गर्ने सन्तानको चाहनालाई कमजोर आर्थिक अवस्थाले छेकेको छ । त्यसैले तिनले राज्यबाट उचित छात्रवृत्ति अपेक्षा गरेका छन्।

केही पीडितले अब आफ्ना सन्तानलाई रोजगारी वा बजारअनुकूल सीप उपलब्ध होस् भन्ने चाहना व्यक्त गरेका छन्। विगतमा दिइएका सिलाइकटाइ वा ड्राइभिङजस्ता तालिमप्रति उनीहरूको चासो घटेको देखिन्छ । किनकि त्यस्ता सीपबाट पर्याप्त आय सिर्जना नहुने उनीहरूको अनुभव छ।

यसको अर्थ आगामी दिनमा परिपूरणलाई केवल निश्चित रकम वा परम्परागत सीप तालिममा सीमित गर्ने दृष्टिकोणमा पुनर्विचार गर्नुपर्नेछ । पीडितले बजारको मागअनुसार सीप, उद्यमसम्बन्धी ज्ञान, आवश्यक सामग्री र बीउ पुँजीसहितको सहयोग खोजिरहेका छन्।

स्वास्थ्यको आवश्यकता पनि समयसँगै अझ गहिरिएको छ। द्वन्द्वका क्रममा गोली लागेका कतिपय व्यक्ति शरीरमा अझै गोलीका छर्रा बोकेर बसेका छन्। यातना, यौनहिंसा र बलात्कारबाट प्रभावित व्यक्तिलाई दीर्घकालीन शारीरिक उपचारसँगै मानसिक स्वास्थ्य सेवा आवश्यक छ।

बेपत्ता परिवारका सदस्यमा पनि लामो समयसम्मको अनिश्चितता र तनावले मानसिक स्वास्थ्यमा गम्भीर असर पारेको देखिन्छ। अध्ययनमा बेपत्ता व्यक्तिका परिवारमा डिप्रेसनको औषधि सेवन गरिरहेका सदस्यदेखि यौनहिंसापीडितले वर्षौंदेखि मानसिक स्वास्थ्य उपचार लिइरहेको भेटिएको छ। यसले सङ्क्रमणकालीन न्यायलाई स्वास्थ्य प्रणालीसँग अलग गरेर हेर्न नसकिने देखाउँछ।

विशेषगरी बेपत्ता व्यक्तिका परिवारको अवस्था सङ्क्रमणकालीन न्यायको विशिष्ट चुनौती हो। साइमन रोबिन्सले यसलाई 'अस्पष्ट क्षति' का रूपमा व्याख्या गरेका छन्- जहाँ प्रियजन शारीरिक रूपमा अनुपस्थित भए पनि परिवारका लागि उनको मृत्यु निश्चित हुँदैन।

त्यसैले परिवारले सामान्य रूपमा शोक मनाउन, अन्तिम संस्कार गर्न, सम्पत्ति तथा उत्तराधिकार निर्धारण गर्न वा मानसिक रूपमा घटनाको अन्त्य स्वीकार गर्न सक्दैन । दुई दशकपछि पनि कतिपय परिवारका लागि मुख्य प्रश्न 'दोषीलाई के सजाय भयो ?' भन्दा पहिले 'उनीहरूको प्रियजनको बारेमा सत्य थाहा पाउनुपर्छ' भन्ने नै छ।

यही कारणले पीडितका लागि न्यायको अर्थ पनि बहुआयामिक देखिन्छ । ६० जना पीडितबीच गरिएको सर्वेक्षणमा सबैभन्दा धेरैले आफ्ना प्रियजनलाई के भयो भन्ने सत्यतथ्य जान्नुलाई न्यायको अर्थ मानेका थिए। त्यसपछि आधिकारिक पहिचान, राष्ट्रिय सम्मान, स्मृति निर्माण र पीडकलाई कानुनी कारबाही तथा सजायजस्ता विषय प्राथमिकतामा थिए।

यसको अर्थ पीडितले दण्डलाई अस्वीकार गरेका होइनन् । बरु

बाँकी पृष्ठ ३ ▶▶

## लोक कलाकार मधुरी दासको ...............

प्रस्तुत गरेको चर्चा गरेका थिए । श्रद्धाञ्जलीमा सहभागी मधेश प्रदेशका पूर्व कानूनमन्त्री एवं सांसद प्रमोद कुमार यादव, सिरहा नगरपालिका मेयर डा नविन कुमार यादव, सिरहा पुस्तकालयका अध्यक्ष समेत रहेका पत्रकार सुरेन्द्र कुमार कामति, शिक्षक धनेश्वर दास, स्थानीय अगुवा इनरदेव दास लगायतले स्वर्गीय दासको लोक कलाको क्षेत्रमा निर्वाह गरेको भूमिकाको विषयमा चर्चा गरेका थिए।

लोक कलाकार दासको असोज १५ गते ७५ वर्षको उमेरमा निधन भएको थियो। उनले लोक कलाको माध्यमबाट विभिन्न स्थानमा पुरस्कृत र सम्मानित पनि भएका थिए । संगित तथा नाट्य कला परिषद ललितपुरले आयोजना गरेको श्रष्टा सम्मान कार्यक्रममा लोक कलाकार दासलाई पनि सम्मान गरिएको थियो।

लोक कलाकार दास कलाकारसँगै सिरहा सदरमुकाममा फलफूलको व्यापारको सुरुवात गरेको थिए । फलफूलको व्यवसाय उनको तेस्रो पुस्तमा हस्तान्तरण समेत भएको छ। लोक कलाकार दासका छोराहरुमध्ये राजकुमार दास र श्याम कुमार दास क्रिकेटका जिल्ला स्तरका चर्चित खेलाडी पनि रहेका छन्।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## आजको राशिफल

**मेष :** दाम्पत्य जीवनमा आत्मीयता बढ्नुका साथै साझेदारीका कामहरूबाट राम्रो मुनाफा कमाउन सकिनेछ।

**बृष :** शारीरिक तन्दुरुस्ती बढ्ने र दैनिक कार्यहरू सुचारू रूपमा अगाडि बढ्नेछन्।

**मिथुन :** बौद्धिक तथा सिर्जनात्मक क्षमतामा वृद्धि हुने हुनाले विद्यार्थीहरूका लागि समय अत्यन्त अनुकूल छ।

**कर्कट :** पारिवारिक सुखसुविधाका सामाग्रीहरू जोडिने र घरको वातावरण रमाइलो रहनेछ।

**सिंह :** पराक्रम र आत्मविश्वास उच्च रहने हुनाले अँटिका सबै काम सफलतापूर्वक सम्पन्न हुनेछन्।

**कन्या :** आर्थिक स्थिति मजबुत बन्दै गएर संञ्चित धनमा वृद्धि हुनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ।

**तुला :** तपाईंको आफ्नै राशिमा चन्द्रमाको गोचर रहेकोले मनमा सकारात्मक ऊर्जा र उत्साह भरिपूर्ण रहनेछ।

**वृश्चिक :** अनावश्यक खर्चको मात्रा बढ्न सक्ने भएकाले आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला।

**धनु :** व्यापार व्यवसायमा सोचेभन्दा बढी लाभ मिल्नेछ भने साथीभाइको सहयोगले ठूला योजनाहरू सफल बन्नेछन्।

**मकर :** कार्यक्षेत्रमा उच्च पदस्थ व्यक्तिको सहयोगले नयाँ जिम्मेवारी वा पदोन्नति प्राप्त हुनेछ।

**कुम्भ :** भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यतर्फ विशेष रुचि जाग्नेछ।

**मीन :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मिडिया काउन्सिललाई पूर्ण स्वायत्त र संसद्प्रति जबाफदेही बनाउन माग




**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २६ गते**

श्रमजीवी पत्रकार सङ्घ, नेपालले प्रस्तावित मिडिया काउन्सिलसम्बन्धी विधेयकलाई प्रेस स्वतन्त्रताको संरक्षण, सञ्चार क्षेत्रको प्रभावकारी नियमन र काउन्सिलको संस्थागत स्वायत्तता सुनिश्चित गर्ने गरी परिमार्जन गर्न सरकारलाई सोमबार सुझाव दिएको छ।

सङ्घले सूचना तथा सञ्चार मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष पेस गरेको सुझावमा मिडिया काउन्सिललाई सरकारको निर्देशनमा चल्ने निकाय नभई स्वतन्त्र, सक्षम र कार्यकारी अधिकारसम्पन्न नियामक संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिएको छ।

काउन्सिललाई पूर्णतः सङ्घीय संसद्प्रति उत्तरदायी र जबाफदेही बनाउँदै यसको नियुक्ति प्रक्रिया, संरचना, आर्थिक स्रोत तथा कार्यसम्पादनमा सरकारी हस्तक्षेप हुन नदिने व्यवस्था गर्नुपर्ने सङ्घका अध्यक्ष जन्मदेव जैसीद्वारा हस्ताक्षरित सुझावपत्रमा उल्लेख छ।

मन्त्रीद्वय डा. विक्रम तिमिल्सिना र सोविता गौतमलाई सम्बोधन गरेर सङ्घले विधेयकमा प्रस्तावित निर्देशक समिति आवश्यक नरहेको उल्लेख गर्दै त्यसको सट्टा सञ्चारका विभिन्न विधाका विज्ञहरू सम्मिलित सात सदस्यीय कार्यकारी बोर्ड गठन गर्न सुझाव दिएको छ। निर्देशक समिति र काउन्सिलबिच अधिकार तथा जिम्मेवारीका विषयमा द्वन्द्व उत्पन्न हुन सक्ने भन्दै सङ्घले सरकारको भूमिका निर्देशन दिने नभई आवश्यक मार्गदर्शन र सहजीकरणमा सीमित हुनुपर्ने बताएको छ।

काउन्सिलको नेतृत्व चयन प्रक्रिया राजनीतिक प्रभावबाट मुक्त बनाउन पनि सङ्घले प्रस्ताव गरेको छ। अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्ने समितिमा प्रतिनिधिसभाका सभामुखको अध्यक्षतामा राष्ट्रिय सभा अध्यक्ष, प्रतिनिधि सभामा विपक्षी दलका नेता र एक जना विज्ञसहित पाँच सदस्यीय संरचना बनाउन सुझाव दिइएको छ। यसबाट काउन्सिलको नेतृत्व चयनमा कार्यपालिकाको प्रभाव कम हुने र संस्थाको स्वायत्तता बलियो हुने सङ्घको तर्क छ।

अध्यक्षको योग्यतासम्बन्धी व्यवस्थामा सर्वोच्च अदालतको न्यायाधीशसरह योग्यता र मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्ने प्रस्ताव गरिएको छ। त्यस्तै, काउन्सिलका सदस्यको न्यूनतम शैक्षिक योग्यता पनि स्नातकोत्तर कायम गर्नुपर्ने सङ्घको सुझाव छ। पत्रकारिता क्षेत्रका विविध विषयमा अध्ययन, अनुसन्धान, नीति निर्माण, परामर्श र कार्यकारी जिम्मेवारी निर्वाह गर्नुपर्ने भएकाले सदस्यहरू दक्ष र विषय विज्ञ हुन आवश्यक रहेको सङ्घले जनाएको छ।

सङ्घले काउन्सिलको दैनिक कामकाज प्रभावकारी बनाउन अध्यक्षबाहेक एक जना सदस्यलाई पनि पूर्णकालीन जिम्मेवारी दिने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ। काउन्सिलको प्रशासनिक नेतृत्व प्रमुख कार्यकारी अधिकृत (सीईओ) वा सचिवसरहको पदबाट सञ्चालन गर्ने र कार्यकाल चार वर्ष कायम गर्ने प्रस्तावसमेत गरिएको छ।

काउन्सिलको संरचनामा नेपाल पत्रकार महासङ्घका अध्यक्षलाई पदेन सदस्य राख्न आवश्यक नरहेको सङ्घको धारणा छ। प्रतिनिधिमूलक संस्थाको प्रतिनिधित्वभन्दा सञ्चार क्षेत्रका विभिन्न विधामा विज्ञता हासिल गरेका व्यक्तिहरूको सहभागिताले काउन्सिलको निर्णय प्रक्रिया र

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा राति १० बजेपछि मेला-महोत्सव ........

गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने सूचनामा उल्लेख छ।

प्रशासनले अनुमति पत्रमा उल्लेख गरिएका सर्तहरूको पूर्ण पालना गर्न सम्बन्धित सङ्घसंस्था, क्लब, समिति तथा आयोजकलाई सूचित गरेको छ।

## माओवादी सशस्त्र द्वन्द्वपीडितको बदलिँदो ............

सत्यलाई न्यायको आधारभूत पूर्वसर्तका रूपमा हेरेका हुन् । कतिपयले घटनाको कारण, जिम्मेवार व्यक्ति र त्यसबेलाको वास्तविकता बुझ्न चाहेका छन्। यसले न्यायलाई केवल अदालतमा दोषी ठहर गर्ने प्रक्रियामा सीमित गर्न नहुने देखाउँछ।

तर यहाँ एउटा महत्त्वपूर्ण परिवर्तन पनि देखिन्छ। लामो समयसम्म न्याय नपाउँदा केही पीडितमा अभियोजनप्रति प्राथमिकता घट्दै गएको छ । कुनै समय 'सत्य र बदला' चाहने व्यक्तिले अहिले 'सत्यका साथै बाँच्नका लागि परिपूरण' चाहेको बताउन थालेका छन्।

यो परिवर्तनलाई पीडितले न्याय त्यागेको अर्थमा बुझ्नु गलत हुन्छ। बरु यसले लामो प्रतीक्षाले उनीहरूको जीवनमा सिर्जना गरेको नयाँ आवश्यकता देखाउँछ। वृद्ध हुँदै गएका अभिभावक, रोजगारीको अवसर गुमाएका परिवार, उच्च शिक्षा पूरा गर्न नसकेका सन्तान र उपचारको खर्च धान्न नसक्ने परिवारका लागि न्यायको प्रश्न दैनिक जीवनसँग गाँसिएको छ । त्यसैले परिपूरण न्यायको विकल्प होइन । ढिलो हुँदै गएको न्याय प्रक्रियाबीच पीडितको वर्तमान जीवनलाई सम्बोधन गर्ने माध्यम हो।

राज्यले अन्तरिम राहत, छात्रवृत्ति, स्वास्थ्य तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरेको छ। हत्या वा बेपत्ता भएका व्यक्तिका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँसम्म अन्तरिम राहत वितरण गरिएको सरकारी विवरण छ। तर अध्ययनले राहतको रकम मात्र पर्याप्त नभएको स्पष्ट गर्छ।

कतिपय पीडितले किस्ताबन्दीमा राहत पाउँदा त्यसलाई दीर्घकालीन लगानीमा प्रयोग गर्न नसकेको बताएका छन् । कतिपयले अझै पूर्ण रकम प्राप्त गरेका छैनन्। अझ महत्त्वपूर्ण कुरा, पीडितहरू अन्तरिम राहतलाई आफ्नो परिवारजनको जीवनको मूल्य र परिपूरणको रूपमा व्याख्या गरिनुहुँदैन भन्नेमा स्पष्ट छन्।

अबको सङ्क्रमणकालीन न्यायको चुनौती यही बदलिँदो आवश्यकतालाई संस्थागत रूपमा स्वीकार गर्नु हो । सत्य निरूपण, बेपत्ता व्यक्तिबारे यथार्थ जानकारी, स्वास्थ्य तथा मनोसामाजिक सहयोग, निःशुल्क कानुनी सहायता, शिक्षा, रोजगारी र जीविकोपार्जनलाई छुट्टाछुट्टै कार्यक्रमका रूपमा होइन, एउटै पीडितकेन्द्रित ढाँचाभित्र जोड्न आवश्यक छ । विशेषतः यौनहिंसापीडितका लागि राज्यबाट औपचारिक मान्यता, गोपनीयता, सुरक्षा र दीर्घकालीन मनोसामाजिक सहयोग अपरिहार्य देखिन्छ।

दुई दशकको अनुभवले एउटा कुरा स्पष्ट गरिसकेको छ– पीडितहरू एउटै ठाउँमा उभिएका छैनन् । उनीहरू समयसँगै गोता खाँदै अगाडि बढेका छन्, तर राज्यको न्याय प्रक्रिया उनीहरूको गतिसँग हिँड्न सकेको छैन।

अब पनि सङ्क्रमणकालीन न्यायलाई आयोग, कानुन, राहत र राजनीतिक सहमतिको सीमित घेरामै राखिरहने हो भने पीडितको धैर्यको बाँध भत्कन सक्छ। त्यसैले अब राज्यले पीडितको जीवनको बदलिँदो यथार्थलाई आफ्नो नीतिको केन्द्रमा राख्नुपर्छ। सत्यको खोजी टुङ्ग्याउनुपर्छ, न्यायको प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ, दोषीलाई जवाफदेही बनाउनुपर्छ र बाँचेका पीडितलाई सम्मानपूर्वक बाँच्न सक्ने आधार दिनुपर्छ।

राहतलाई न्यायको विकल्प होइन, न्यायको एउटा हिस्सा मान्नुपर्छ। अन्ततः सङ्क्रमणकालीन न्यायको सफलता आयोग गठन, कानुन निर्माण वा राहत वितरणको सङ्ख्याले मात्र मापन हुँदैन। त्यसको वास्तविक अर्थ द्वन्द्वले भत्काएको जीवनलाई कति हदसम्म पुनर्स्थापित गरियो र पीडितलाई आफ्नो विगतबारे सत्य जान्ने, वर्तमानमा सम्मानपूर्वक बाँच्ने र भविष्य सुरक्षित बनाउने अवसर कति दिइयो भन्नेमा निर्भर हुन्छ।

(लेखक डेमोक्रेसी रिसोर्स सेन्टर नेपालका अध्येता हुन्।)

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

## खैरो हेरोइनजस्तो पदार्थसहित दुई युवक पक्राउ, ३५ बन्डल ............

नगरपालिका-१३ निवासी करिब १९ वर्षीय सुरज यादवको साथबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ।

प्लास्टिकसहित तौल गर्दा उक्त पदार्थ ५.५७ ग्राम र प्लास्टिक हटाउँदा चार ग्राम रहेको प्रहरीले जनाएको छ। प्रहरीले मोटरसाइकल चालक यादव र पछाडि सवार सोही ठाउँका करिब १९ वर्षीय श्यामबाबु कुमार यादवलाई नियन्त्रणमा लिएको हो।

पक्राउ परेका दुवै युवक, बरामद पदार्थ र मोटरसाइकललाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

यसैगरी, सुखीपुर नगरपालिका-२ छजनाबाट प्रहरीले प्रतिबन्धित विस्फोटक पदार्थ पटका ३५ बन्डल बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय महेशपुर पतारीबाट खटिएको गस्ती टोलीले सोमबार दिउँसो करिब ३:१० बजे भारतबाट बोरामा सामान ल्याउँदै गरेको मोटरसाइकल देखेपछि जाँच गर्ने क्रममा पटका बरामद गरेको हो।

प्रहरीलाई देखेपछि मोटरसाइकलमा सवार व्यक्तिहरू बोरा फालेर मोटरसाइकलसहित फरार भएका थिए। प्रहरीले फालिएको बोरा खोलेर जाँच गर्दा अन्दाजी ५० हजार रुपैयाँ मूल्य बराबरका ३५ बन्डल पटका फेला परेको जनाएको छ।

बरामद पटका आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय महेशपुर पतारीमा राखिएको छ। फरार व्यक्तिहरूको खोजी गर्नुका साथै उनीहरूको पहिचान गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ।









# प्रहरीलाई प्रधानमन्त्री शाहको निर्देशन– अनुचित प्रभावमा नपरी कर्तव्य निभाउनू

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २६ गते**

प्रधानमन्त्री वालेन्द्र शाहले कुनै पनि पेसागत सफलताका लागि पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन आवश्यक रहेको बताएका छन्।

राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा सोमबार आयोजित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८४औं समूहको दीक्षान्त समारोहमा प्रधानमन्त्री शाहले तालिममा सिकेको सिकाइलाई पूर्ण रूपमा आत्मसात् गर्न र व्यवहारमा उतार्न दीक्षित हुने सबैलाई निर्देशन दिए।

उनले भने, 'पेसागत आचरण र अनुशासन कायम गर्दै, संविधान, प्रचलित कानुन, नियम, कार्यविधि र मापदण्डको सही रूपमा पालना गर्नु/गराउनु व्यक्तिको पेसागत सफलता रक्षा गर्न अहम आवश्यकता पर्दछ। जिम्मेवारीप्रति जवाफदेहिता पनि महत्त्वपूर्ण पक्ष हो। प्रहरी सेवामा आबद्ध रहँदै गर्दा यी कुरालाई कार्यान्वयन गर्नुहोला।'

शाहले सधैँ अग्रभागमा उभिएर देशमा निरन्तर शान्ति सुरक्षा कायम गर्ने, अपराध अनुसन्धान गर्ने र कुनै पनि स्वतन्त्रताको राष्ट्रिय रूपमा सही ढंगको रक्षा गर्ने जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेको बताए।

प्रधानमन्त्री शाहले भने, 'यो महत्त्वपूर्ण जिम्मेवारी निभाउँदा कुनै पनि किसिमको अनुचित प्रभावमा नपरी भेदभाव नगरी आफ्नो कर्तव्यमा कटिबद्ध रहनुहोला। एकलभावले आफ्नो भूमिका र संस्थाको गति चल्दैछ भन्ने पाटोलाई बुझेर नागरिक भावनाअनुरूप काम गर्नुपर्छ।'

आफ्नो संगठनमा पूर्ण प्रतिबद्ध भई सहयोग र सहकार्यसँगै संलग्न रहन आग्रह गर्दै प्रधानमन्त्री शाहले सूचना प्रविधिको प्रयोगले कामलाई छिटो, छरितो, सहज र पारदर्शी तुल्याउन सकिने मात्र नभई समयको बचत, समयमै अपराधको अनुसन्धान र समयमै घटनालाई नियन्त्रण गर्न सकिने बताए।

'अपराधको निष्पक्ष, तथ्यपरक, वैज्ञानिक र प्रविधिमुखी अनुसन्धानका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नुपर्नेछ। यसमा समग्र प्रहरी सङ्गठनको नेतृत्व र प्रशिक्षणलगायतको पनि महत्त्वपूर्ण भूमिका हुन्छ', उनले भने, 'सरकारले यस प्रकारको अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउन र यहाँहरूप्रति आफ्नो जिम्मेवारी पूरा गर्न सधैँ प्रतिबद्ध छ।'

प्रधानमन्त्री शाहले आज दीक्षित भएका प्रहरी निरीक्षकलाई बधाई दिँदै उज्ज्वल भविष्य र सफलताको कामना गरे। समारोहमा ७९ जना प्रहरी निरीक्षक दीक्षित भएका थिए।

## मिडिया काउन्सिललाई पूर्ण स्वायत्त र संसद्प्रति ............

नियामयकी क्षमता प्रभावकारी हुने सङ्घले जनाएको छ। संस्थागत प्रतिनिधित्वका नाममा राजनीतिक प्रभाव बढ्न सक्ने भएकाले विज्ञतामा आधारित संरचना आवश्यक रहेको उसको तर्क छ।

सञ्चारमाध्यमबाट प्रकाशित तथा प्रसारित सामग्रीको अनुगमन र स्वअनुगमनसम्बन्धी व्यवस्था पनि ऐनमै स्पष्ट गर्न सङ्घले माग गरेको छ। सञ्चारमाध्यमका सामग्रीको नियमित अनुगमन, उजुरीमाथि कारबाही र आचारसंहिता कार्यान्वयनलाई व्यवस्थित बनाउन कानुनी आधार आवश्यक रहेको सङ्घको भनाइ छ। सङ्घीय संरचनाअनुसार काउन्सिलका प्रादेशिक कार्यालय स्थापना गरी अनुगमन तथा उजुरी व्यवस्थापनलाई प्रभावकारी बनाउन पनि सुझाव दिइएको छ।

आचारसंहिता उल्लङ्घनका घटनामा खण्डन वा स्पष्टीकरण प्रकाशित गराएर मात्रै उन्मुक्ति दिने व्यवस्था पर्याप्त नहुने भन्दै सङ्घले गम्भीर उल्लङ्घनबाट पीडित बनेका व्यक्तिलाई क्षतिपूर्ति दिलाउन सक्ने कानुनी प्रबन्ध गर्नुपर्ने प्रस्ताव गरेको छ।

साथै, विधेयकमा आचारसंहिता उल्लङ्घनसँगै प्रेस स्वतन्त्रताको दुरुपयोगसम्बन्धी विषयलाई पनि स्पष्ट रूपमा समेट्नुपर्ने सुझाव दिएको छ।

काउन्सिलका अध्यक्षलाई पदबाट हटाउने प्रक्रियामा पनि कार्यपालिकाको दबाब पर्न नदिने व्यवस्था आवश्यक रहेको सङ्घले जनाएको छ। अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्ने संसदीय समितिको सिफारिसका आधारमा अनुसन्धान तथा कारबाहीको प्रक्रिया अघि बढ्ने व्यवस्था गर्नुपर्ने प्रस्ताव छ।

आर्थिक स्वायत्तताका लागि काउन्सिलको बजेट सङ्घीय संसद्बाट पारित हुने बजेटमै छुट्टै विनियोजन गर्नुपर्ने सङ्घको सुझाव छ। यसले काउन्सिललाई बजेटका लागि कार्यपालिकामाथि निर्भर हुनुपर्ने अवस्था अन्त्य गर्ने र संसद्प्रति जबाफदेही बनाउने सङ्घको विश्वास छ। सूचना तथा प्रसारण विभागका महानिर्देशकलाई काउन्सिलमा राख्नैपर्ने भए मतदानको अधिकारबिनाको आमन्त्रित सदस्यका रूपमा राख्न सकिने सुझावसमेत दिइएको छ।

सङ्घले संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न मिडिया काउन्सिललाई बलियो, स्वायत्त र प्रभावकारी नियामक निकायका रूपमा विकास गर्नुपर्नेमा जोड दिएको छ। प्रस्तावित विधेयकलाई सञ्चार क्षेत्रको स्वतन्त्रता, व्यावसायिक मर्यादा र जबाफदेहितासँग जोडेर परिमार्जन गर्नुपर्ने सङ्घको निष्कर्ष छ।







# असई थमन विक हत्या प्रकरणः निलम्बित जसपा मधेश सांसद शर्माको निलम्बन फुकुवा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २६ गते**






सई थमन विकको हत्याम संलग्न रहेको आरोप लागेका मधेश प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा भएको छ।

सर्वोच्च अदालतले साधारण तारेखमा राख्न आदेश दिएसँगै शर्माको निलम्बन फुकुवा भएको हो।

साधारण तारेखमा राख्ने सर्वोच्च अदालतको आदेशपछि सभामुख रामअशिष यादवले उनको निलम्बन फुकुवा गरेको प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाले जानकारी दिएका छन्।

'...सर्वोच्च अदालतले निज अभिराम शर्मालाई मिति २०८३/०८/२३ गतेको साधारण तारेखसमेत दिएकोले मधेश प्रदेशसभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) बमोजिम निज प्रदेशसभा सदस्य अभिराम शर्मालाई सोमबार मिति २०८३/०६/२६ गतेदेखि लागू हुने गरी माननीय सभामुखज्यूबाट निलम्बन फुकुवा गर्नु भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ,' कोइरालाले जारी गरेको सूचनमा उल्लेख छ।

मधेश आन्दोलनका क्रममा २०७२ भदौ २५ गते महोत्तरीको जलेश्वरमा आन्दोलनकारीको कुटपिटबाट सशस्त्र प्रहरीका सई विक घाइते भएका थिए। उपचारका लागि जनकपुर ल्याउँदै गर्दा बाटोमा एम्बुलेन्स रोकेर आन्दोलनकारीले उनीमाथि फेरि कुटपिट गरेको थियो। त्यही क्रममा उनको मृत्यु भएको थियो।

यस प्रकरणमा महोत्तरी जिल्ला अदालतले प्रदेश सांसद शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो। जिल्ला अदालतको फैसला आएसँगै प्रदेश सांसद सांसद पद निलम्बनमा परेको थियो भने उनी फरार भएका थिए।

महोत्तरी जिल्ला अदालतको फैसलालाई चुनौती दिँदै उनीहरू उच्च अदालत जनकपुरमा पुरनावेदन दिएका थिए। उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला आंशिक रुपमा उल्याउँदै शर्मा, धर्मेन्द्र राय, जलेश्वर नगरपालिकाका तत्कालीन मेयर रामशंकर मिश्र र सुरेश पाण्डेसहित ६ जनालाई जनही पाँच वर्ष कैद हुने फैसला गरेको थियो भने अन्यको जन्मकैद कायम राखेको थियो।

उच्च अदालतको फैसलापछि शर्मा, राय, मिश्र र पाण्डे १५ असोजमा सर्वोच्चमा आफैँ उपस्थित भएका थिए। उनीहरू चारै जनालाई सर्वोच्च अदालतले साधार तारेखमा राख्न आदेश दिएको थियो।

शर्मा महोत्तरी क्षेत्र नम्बर ३(१) बाट तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट निर्वाचित प्रदेश सांसद हुन्।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## जनकपुर बोल्ट्सको नयाँ जर्सी ................

जनाएको छ।

नयाँ जर्सीले टोलीको यही संकल्प र नयाँ यात्रालाई प्रतिबिम्बित गर्ने विश्वास गरिएको छ। जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले नयाँ जर्सी टोलीका लागि केवल पहिरन मात्र नभई सिकाइ, गौरव र लक्ष्यको प्रतीक भएको बताए। "गत सिजनले हामीलाई धेरै कुरा सिकायो। यो जर्सी त्यही सिकाइ र मधेशको गौरवको प्रतीक हो। सुनौलो रङले यस सिजन हासिल गर्ने हाम्रो लक्ष्यको सम्झना गराउँछ। यो जर्सी लगाउने हरेक खेलाडीले मधेशका लागि मनदेखि खेल्नेछन्," खतिवडाले भने।

त्यस्तै, टोलीका प्रमुख मार्केटिङ अधिकृत उदय पराजुलीले नयाँ पहिचान बनाउनुभन्दा आफ्नो पहिचानलाई अझ बलियो बनाउने उद्देश्यका साथ जर्सी तयार गरिएको बताए। "म्याजेन्टा र नेभी नीलो जनकपुर बोल्ट्सको पहिचान हो भने सुनौलो रङ यस सिजनको कथा हो। बोल्ट्सका समर्थकहरूले यो जर्सी गर्वका साथ लगाउनेछन् भन्ने विश्वास छ," उनले भने।

जनकपुर बोल्ट्सले आफ्नो टाइटल पार्टनर एक्स्ट्रिम इनर्जी ड्रिंक्स, एसोसिएट पार्टनर यङ्गो तथा सिजन ३ को यात्रामा साथ दिने सम्पूर्ण साझेदारप्रति आभार व्यक्त गरेको छ।

एनपीएलको तेस्रो सिजन अक्टोबर २६ देखि नोभेम्बर २१ सम्म सञ्चालन हुनेछ। जनकपुर बोल्ट्सले नयाँ जर्सीसँगै यस सिजन प्रतिस्पर्धात्मक प्रदर्शन गर्दै समर्थकको विश्वास जित्ने लक्ष्य राखेको छ।




